# शुभकामना मन्तव्यः

देशका सबै नागरिकलाई सुरक्षित र स्थायी खानेपानी सेवा उपलब्ध गराउने उद्देश्यका साथ वि.सं. २०२९ मंसिर ४ गते स्थापना भएको **खानेपानी तथा ढल व्यवस्थापन विभाग**ले आज मिति २०८१ मंसिर ४ गते आफ्नो स्थापनाको ५३ औं **वार्षिकोत्सव** मनाएको छ । यस अवसरमा विभागको उपलब्धिमुलक यात्राको अगुवाइ गर्नुहुने खानेपानी मन्त्रालय तथा सहयात्री रहनुहुने तिनै तहका सरकार, विकास साझेदार, नागरिक समाज , खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सहित अन्य सेवा प्रदायकहरु, सञ्चारकर्मी साथीहरु र विभाग मातहतका सम्पुर्ण कर्मचारी साथिहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । देशलाई खुला दिसामुक्त देश बनाउने कार्यक्रमको अगुवाई तथा खानेपानी संरचनाहरुको पहुँच ९५% पुर्याउन अग्रणी भुमिका खेलेको यस विभागले सांगठनिक संरचना तथा वित्तिय संकुचन जस्ता चुनौतिका वावजुत थोक पानी वितरण कार्यक्रम, सेवाप्रदायक सुधार कार्यक्रम, फोहोर पानी तथा दिसाजन्य लेदो व्यवस्थापन, एकिकृत खासस्व कार्यक्रम, लगायतका अन्य रुपान्तरणकारी योजनाहरु सञ्चालन तथा खानेपानी सेवा नियमनका कार्यहरुमा आगामी वर्षमा पनि अग्रणी भुमिका खेल्ने प्रतिवद्दता व्यक्त गर्दछु ।

**ई. रामकुमार श्रेष्ठ**
**महानिर्देशक**
खानेपानी तथा ढल व्यवस्थापन विभाग, पानीपोखरी, काठमाण्डौ